# रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।


च.नं. : ४२०
प.सं. :०८०/०८१

मितिः २०८०/१०/२३

विषयः निर्णय कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा ।

श्री विषयगत शाखा सबै ।
श्री वडा कार्यालय सबै ।

गाउँ कार्यपालिकाको मिति २०८० माघ १९ गते बसेको बैठकका निर्णयहरु कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।१०।२३

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत


Website: www.rurumun.gov.np Email: ruralruru@gmail.com Phone no: 079-410104


CamScanner

**बैठक संख्या : १२**

आज मिति २०८०।१०।१९ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे

स्थान : गाउँपालिकाको सभाहल

## उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

**बैठक संचालन सहयोगी**

सहायक पाँचौ रामप्रसाद ज्ञवाली

कं.अ. दामोदर ज्ञवाली

का.लि. पार्वती पाण्डे

**मिति २०८० माघ १९ गतेको बाऱ्हौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१.यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।
३. सेवा प्रवाह समिक्षा सम्बन्धमा ।
४. अनुगमन समितिको प्रतिबेदन र योजना फरफारक सम्बन्धमा ।
५. लुम्बिनी प्रदेश सरकार नवप्रबर्धन साझेदारी कार्यक्रम सम्बन्धमा ।
६. दीर्घ रोगीहरुको उपचार खर्च रकम उपलब्ध गराउने सम्बन्धमा ।
७. नक्सा दरखास्त फारम (किताब) को शुल्क निर्धारण सम्बन्धमा ।
८. ज़ग्गा प्राप्ती सम्बन्धमा ।
९.रानीबन खेलमैदान कभर्डहल निर्माण योजना, रुरुक्षेत्र-५ सम्बन्धमा ।

मिति २०८०/१०/१९ गतेको बाऱ्हौ कार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो ।</td></tr>
<tr><td>२.</td><td>श्री ४ नं. वडा कार्यालयमा सब इन्जिनियर पदमा कार्यरत मोहन भण्डारी र रुरु स्वास्थ्य चौकीमा अ.हे.ब. पदमा कार्यरत श्री सन्तोष कुमार यादवको सेवा करार मिति २०८० माघ मसान्तसम्म मात्र थप गर्ने, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत अन्य कर्मचारीहरुको कार्य सम्पादनको आधारमा मिति २०८० माघ १ गते देखी मिति २०८१ असार मसान्तसम्मको लागि म्याद थप गर्ने । साथै उद्यम विकास सहजकर्ता पदमा कार्यरत कर्मचारीको मासिक तलब भत्ता रु. २५,०००/- (अक्षरुपी पच्चीस हजार) कायम गर्ने ।</td></tr>
<tr><td>३.</td><td>गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट जनतालाई प्रदान गरिएका सेवाको विषयमा समिक्षा गरियो । आगामी दिनमा प्रभाबकारीरुपमा सेवा संचालन गर्ने ।</td></tr>
<tr><td>४.</td><td>गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेको अनुगमन तथा सुपरीबेक्षण प्रतिबेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने ।</td></tr>
<tr><td>५.</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८०/१०/१५ मा प्रकाशित मुख्यमन्त्री नवप्रबर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताब पेश गर्ने सम्बन्धी सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८० बमोजिम उपर्युक्त प्रस्ताब तयार गरी निर्धारित समयाबधी भित्र प्रस्ताब पठाउने । उक्त कार्यविधि अनुसार गाउँपालिकाले लागत साझेदारी गर्नुपर्ने ३० प्रतिशत रकमको श्रोत सुनिश्चितता गर्ने ।</td></tr>
<tr><td>६.</td><td>मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मिति २०८० कार्तिक १ देखी लागु हुने गरी मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँच हजार) उपलब्ध गराउने ।<br>देहाय:
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>रोगको किसिम</th><th>ना.प्र.प.नं.</th></tr>
<tr><td>१.</td><td>मुक्ति प्रसाद श्रेष्ठ</td><td>वडा नं. ४</td><td>मृगौला प्रत्यारोपण</td><td>४४२१७</td></tr>
<tr><td>२.</td><td>कपिल न्यौपाने</td><td>वडा नं. ६</td><td>मेरुदण्डको पक्षघात</td><td>४१-०१-७००६३१४</td></tr>
</table>
</td></tr>
<tr><td>७.</td><td>घर नक्सा पासको लागि आवश्यक पर्ने नक्सा दरखास्त फारम (किताब) को शुल्क रु. ५००/- (अक्षरुपी पाँच सय) कायम गरी वडा कार्यालयहरुबाट नगदी रसिद काटी सेवाग्राहीहरुलाई उक्त किताब उपलब्ध गराउने ।</td></tr>
</table>

CamScanner

| | |
|---|---|
| ८. | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ मा प्रहरी चौकीको भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्तिको लागि वडा नं. ५ का वडा अध्यक्ष श्री हरि प्रसाद ज्ञवाली र वडा नं. ४ को घ्यूबेशींमा खेलमैदानको लागि आवश्यक जग्गा प्राप्तिको लागि वडा नं. ४ का वडा अध्यक्ष श्री मोति प्रसाद श्रेष्ठलाई जिम्मेवारी दिने। उक्त कार्यको लागि प्रशासन शाखामा सहायक पाँचौ तहमा कार्यरत श्री राम प्रसाद ज्ञवालीले आवश्यक सहयोग गर्ने । |
| ९. | रानीबन खेलमैदान कभर्डहल निर्माण योजना, रुरुक्षेत्र-५ को लागि लागत अनुमान अनुसारको बजेट सुनिश्चितता गरी बहुबर्षिय योजना स्वीकृत गर्ने । |

CamScanner